दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २४० | बुटवल | २०८२ भदौ ०९ गते, सोमबार | नेपाल संवत ११४५ | Monday August 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



साक्षर समाज–सक्षम राष्ट्र ।

शिक्षाः
- आत्मनिर्भर जीवनको लागि.
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
-लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
-अधिकार र कर्तव्य बोधका लागि,
-स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
-आर्थिक सशक्तिकरणका लागि ।

**त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।**

नेपाल सरकार विज्ञापन बोर्ड


## प्रधानमन्त्री–भियतनामी उपराष्ट्रपति भेटवार्ता



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल भ्रमणमा रहेकी समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थि आन सुआनबीचको भेटवार्ता भएको छ ।

शनिबारदेखि नेपाल भ्रमणमा रहेकी सुआनसँग आइतबार दिउँसो प्रधानमन्त्री ओलीसँग भेटवार्ता भएको हो । भेटवार्ताका क्रममा दुई देशबीचको आपसी सम्बन्ध अझ प्रगाढ बनाउँदै लाने विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा दुई देशबिच रहँदै आएको समस्यारहित सम्बन्धलाई अझ प्रगाढ बनाउन दुवै नेताहरुले अनुभव आदान प्रदानका साथै सम्बन्ध विस्तारका विविध पक्षमा छलफल भएको हो ।

भेटमा सहभागी प्रधानमन्त्री ओलीको मुख्य सल्लाहकार विष्णुप्रसाद रिमालले दुई देशबीच सरकार-सरकार, व्यावसाय-व्यवसाय र जनता-जनताका साथै कूटनीतिक र सांस्कृतिक क्षेत्रको सम्बन्धलाई अझ बलियो बनाउने विषयमा कुराकानी भएको जानकारी दिए ।

नेपाल-भियतनाम कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पूरा भएको ऐतिहासिक अवसरमा उप-राष्ट्रपति रामसहायप्रसाद यादवको निमन्त्रणामा भियतनामका उपराष्ट्रपति सुआन शुक्रबार नेपाल आएकी हुन् ।

## पूर्वमुख्यसचिवलाई सफाइविरुद्ध अख्तियार सर्वोच्चमा

बुटवल । पूर्वमुख्यसचिव बैकुण्ठ अर्याललाई सफाइ दिने विशेष अदालतको फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीका अनुसार, आइतबार अख्तियारले सर्वोच्चमा पुनरावेदन निवेदन दर्ता गरेको हो ।

सुरक्षण मुद्रण केन्द्रमार्फत् अन्तःशुल्क स्टिकर छपाइका क्र(ममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव अर्यालसमेत १२ जनाविरुद्ध अख्तियारले दायर गरेको मुद्दामा विशेषले अर्यालसहितलाई सफाइ दिएको थियो ।

३८ करोड ६७ लाख १७ हजार ६४० रुपैयाँ बिगो दाबी गरी दायर मुद्दाको उक्त फैसला चित्त नबुझेको भन्दै अख्तियारले पुनरावेदन दिएको हो ।

## सरकारको ढुकुटी ४ खर्ब २ अर्बले घाटामा

बुटवल । गत आर्थिक वर्ष २०८१/८२ सरकारको ढुकुटी (वित्त) ४ खर्ब २ अर्ब रुपैयाँले घाटामा रहेको पाइएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको वार्षिक तथ्यांकअनुसार यस आवमा सरकारको ढुकुटी ४ खर्ब २ अर्ब ४२ करोडले घाटामा रहेको छ ।

अघिल्लो आव २०८०/८१ मा सरकारी वित्त ३ खर्ब ७९ अर्ब ३८ करोडले घाटामा थियो । गत आव सरकारले गत आवमा १८ खर्ब ६० अर्ब रुपैयाँको बजेट कार्यान्वयन गरेको थियो ।

राष्ट्र बैंकका अनुसार यस आवमा तीन वटै तहका सरकारको एकीकृत वित्त स्थिति १ खर्ब ३० अर्ब ७३ करोड रुपैयाँले बचतमा छ । यसबाट केन्द्र सरकारबाट हस्तान्तरण हुने रकम तल्ला सरकारमा गएर थुप्रिने तर खर्च नहुने समस्या दोहोरिएको देखिन्छ ।

गत आव सरकारको कुल खर्च १५ खर्ब २३ अर्ब ११ करोड रहेको छ । यसमध्ये चालु खर्च ९ खर्ब ८० अर्ब ३८ करोड र पुँजीगत खर्च २ खर्ब २२ अर्ब ६८ करोड छ । वित्तीय व्यवस्थातर्फको खर्च ३ खर्ब २० अर्ब ५ करोड छ ।

यस आव राजस्व परिचालन भने ११ खर्ब ८९ अर्ब ८२ करोड रहेको छ । जसमा प्रदेश र स्थानीय सरकारमा बाँडफाँट हुने रकम समेत उल्लेख छ । उठेको राजस्वमध्ये कर राजस्व १० खर्ब ४९ अर्ब ८८ करोड र गैरकर राजस्व १ खर्ब २० अर्ब ९४ करोड छ ।

वित्त घाटा पूर्ति गर्न सरकारले गत आव ३ खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण परिचालन गरेको छ । बाह्य ऋण भने १ खर्ब २५ अर्ब ४० करोड लिएको छ । यस आवमा आन्तरिक ऋण भुक्तानी भने २ खर्ब ४३ अर्ब ९१ करोड बराबर भएको छ ।

असार मसान्तसम्म सरकारको कुल बक्यौता ऋण २६ खर्ब ६९ अर्ब ६५ करोड रहेको छ । यसमा बाह्य ऋण १४ खर्ब १ अर्ब ४२ करोड र आन्तरिक ऋण १२ खर्ब ६८ अर्ब २२ करोड छ । यो कुल गार्हस्थ उत्पादनको तुलनामा ४३.७१ प्रतिशत हो ।

अघिल्लो वर्षसम्म नेपाल सरकारका खातामा १ खर्ब ३० अर्ब ७३ करोड मौज्दात रहेको देखिन्छ । जुन स्थानीय र प्रदेश सरकारका खातामा रहेको समेत रकम हो ।

### रुपन्देही ३ उप-चुनाव :

# नाउपाका धनिराम जनमतबाट उम्मेदवार, माओवादीको छुट्टै



**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रले रुपन्देही-३ मा आफ्नै उम्मेदवार उठाउने भएको छ । कात्तिक १७ मा हुने उप-निर्वाचनमा अन्य दलसँग चुनावी गठबन्धन नगर्ने माओवादी केन्द्रले जनाएको छ ।

माओवादी केन्द्रका रुपन्देही संयोजक निर्मल जिसीले अन्य दलको उम्मेदवारलाई समर्थन नगर्ने जानकारी गराए ।

'हामी आफ्नै उम्मेदवार उठाउँछौं । अरु दलसँग गठबन्धन गर्दैनौं,' जिसीले भने-'हामीले केन्द्रलाई पनि यही भनेका छौं । माओवादी केन्द्रकै उम्मेदवार हुनुपर्ने र यही क्षेत्रको हुनपर्ने कुरा पनि पार्टी केन्द्रसँग गरेका छौं ।'

अन्य दललाई समर्थन नगर्ने माओवादी केन्द्रको बटमलाइन रहेको जिसीले बताए ।

यसअघिका दुई निर्वाचनमा माओवादी केन्द्रका उम्मेदवार यस क्षेत्रमा थिएनन् । गत दुई निर्वाचनमा माओवादी केन्द्रका मतदाताले हसिँया हथौडामा त दिन नपाएको उल्लेख गर्दै जिसीले भने-'हसियाँ हथौडामा नै मत दिन पाउनुपर्ने कुरा केन्द्रलाई भनेका छौं ।'

राप्रपाबाट निर्वाचित दीपक बोहराको निधन भएको हुँदा निर्वाचन आयोगले उप-निर्वाचन गर्न लागेको छ । उप-निर्वाचनका लागि दलहरू र स्वतन्त्र उम्मेदवारहरूले प्रचार सुरु समेत गरिसकेका छन् । मुख्य दलहरूमा एमालेबाट उम्मेदवार हुनका लागि चार आकांक्षीको नाम केन्द्रमा सिफारिस गरिएको छ । रास्वपाले आकांक्षी ९ बाट भदौ १५ गते उम्मेदवार छनोट गर्ने भएको छ ।

कांग्रेसले तल्लो तहबाट नाम सिफारिस गर्न परिपत्र गरिसकेको छैन ।

उता डा. सीके राउत नेतृत्वको जनमत पार्टीले रुपन्देही- ३ को उप-निर्वाचनका लागि अघिल्लो चुनावमा नागरिक उन्मुक्ति (ना(उपा)बाट रुपन्देही-१ मा उठेका उम्मेदवारलाई पार्टीमा भित्राएको छ ।

गत निर्वाचनमा रुपन्देही-१ बाट उम्मदेवार बनेका धनिराम चौधरीलाई आइतबार जनमत प्रवेश गराइएको हो । गत निर्वाचनमा रुपन्देही-१ मा उनले १३ हजार ९६२ मतसहित चौथो स्थानको मत ल्याएका थिए ।

रुपन्देही-३ मा हुने उप-निर्वाचनमा जनमतको उम्मेदवार बनाउने गरी चौधरीलाई जनमतमा अध्यक्ष राउतले आइतबार पार्टी प्रवेश गराएका हुन् । जनमतका प्रवक्ता डा. शरदसिंह यादवका अनुसार उपनिर्वाचनमा उम्मेदवार बनाउने गरी थारुलाई पार्टी प्रवेश गराइएको हो ।

संघीय लोकतान्त्रिक मोर्चाले नाउपाका संरक्षक रेशम चौधरीले उठाएको उम्मेदवारलाई सघाउने निर्णय गरेको छ । नाउपाभित्रको विवादले उक्त दल दर्ता हुन सकेन ।

जनमतले नाउपालाई सघाउन नसकिने यस अघि नै घोषणा गरिसकेको थियो ।

रुपन्देही ३ मा हालसम्म बुटवल मोतीपुरका लेखनाथ गैरे, भैरहवाका अजयकुमार गुप्ता र किरण विकले स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन् । तर उनीहरुको चुनावी गतिविधि बाहिर देखिएको छैन । राष्ट्रिय जनमोर्चाले बद्रे आलमलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

उता काठमाडौंका मेयर बालेन शाहका परराष्ट्र तथा खाद्य सल्लाहकार सन्तोष गिरी पनि उम्मेदवार बन्ने तयारीमा घरदैलोमा छन् । संघीय लोकतान्त्रिक मोर्चाबाट नागरिक उन्मुक्ति पार्टीले धनिराम चौधरी, डा. सरोजसिंह चौधरी र राकेश कोइरीलाई सिफारिस गरेको थियो । धनिराम जनमतमा गएपछि डा. सरोजले टिकट पाउने सम्भावना बढेको छ ।

रुपन्देही-३ मा राष्ट्रिय प्रजातन्त्र पार्टीले केन्द्रीय सदस्यद्वय स्वाती थापा र बसन्तविक्रम शाही, रुपन्देही अध्यक्ष सागरप्रताप राणा, स्वर्गीय दीपक बोहराका छोराहरू गौरव बोहरा र प्रज्ज्वल बोहरा तथा जिल्ला नेता दिलिप मल्लिकको नाम सिफारिस गरेको छ ।

उप-चुनावमा नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, प्रमोद यादव, रामचन्द्र ढकाल, शुशिल गुरुङ, रमेश खनालगायतको नाम चर्चामा छ । एमालेबाट पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, यज्ञजित शाहलगायत उम्मेदवारका आकांक्षीमा चर्चा छ ।

## 'रास्वपाबाट क्षेत्रले चाहेको उम्मेदवार हुँ'



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट रूपन्देही क्षेत्र नम्बर-३ को उप-चुनावमा उम्मेदवारका आकांक्षी मधु अर्यालले आफू मतदाता र भूगोलले मागेको उम्मेदवार भएको बताएका छन् ।

पार्टीको क्षेत्रीय सभापति समेत रहेका अर्याल पार्टी स्थापनाकालदेखि निरन्तर रुपन्देही ३ मा संगठन निर्माणमा खटेको, क्षेत्रका समस्या र सम्भावना राम्ररी पहिचान गरेकाले आफूले टिकट पाए क्षेत्रलाई कायापलट बनाउने 'भिजन' तयार गरेको बताए ।

रास्वपालाई रुपन्देही-३ मा संगठन विस्तारमा नेतृत्वदायी भूमिका खेलेका उनले सुरुमा ५ सय पार्टी सदस्य रहेकामा आफू क्षेत्रीय सभापति भएपछि करिब २८ सय जना पार्टी सदस्य पुगेको बताए । रास्वपाको उम्मेदवारको लागि अर्यालसहित ९ जना टिकटको आकांक्षी छन् ।

पार्टीले गरेको ब्लुप्रिन्ट संवादमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा चलाई भैरहवामा पर्यटन क्षेत्रमा गरिएको लगानीलाई सुरक्षित गर्न, विमानस्थल जोड्ने सडक कनेक्टिभिटी र लुम्बिनीको पर्यटन विकास, खेल पर्यटनसहित रुपन्देहीको एकीकृत विकास गर्ने मुख्य एजेण्डा प्रस्तुत गरेको अर्यालले बताए ।

कृषिलाई व्यवसायीकरण, माछा सुपर जोन, प्राङ्गारिक खेतीलाई जोड दिने आफ्नो एजेण्डा रहेको उनले सुनाए ।

उनले मतदाताको घरदैलोमा पुग्दा अधिकांशले रास्वपाबाट परिवर्तनको आशा गरेकाले चुनावी माहोल रास्वपामय रहेको दाबी गरे ।

उनले भ्रष्टाचारको अन्त्य गरी सुशासन, जनताको पक्षमा कानुन र नीति निर्माणसँगै संसदमा सशक्त प्रतिपक्षी सांसदको भूमिका खेल्दै २०८४ मा रास्वपाको बहुमतको ढोका खोल्न रुपन्देही ३ मा जित निकाल्न आफू सबैभन्दा उपयुक्त उम्मेदवार हुने दाबी गरे ।

» *बाँकी ३ पेजमा*

## फोहोर व्यवस्थापनमा सैनामैनाको बेवास्ता



**नरेश चौधरी**

*सैनामैना*

सैनामैना नगरपालिका-९ र ११ स्थित पिपलडाँडाका स्थानीय बासिन्दाले सडक छेउमै फोहोर फालिँदै आएको भन्दै त्यसको विरोधमा उत्रिएका छन् । नगर क्षेत्रबाट संकलित फोहोर बस्ती छेउमा डम्पिङ गर्दा दुर्गन्ध, झिं गा, र रोगको जोखिम बढेको भन्दै स्थानीयले फोहोर बोकेको गाडी नै फर्काइ दिएका छन् । स्थानीय बासिन्दा हिमलाल अर्यालका अनुसार फोहोर फाल्ने स्थानबाट १०-१५ मिटरको दूरीमा घरहरू रहेका छन्, जसका कारण सामान्य जीवन यापन गर्न असहज भएको छ । "घर अगाडि फोहोर थुपार्दा दुर्गन्धको कारण एकछिन पनि घरमा बस्न सकिँदैन," उनले भने-"हामीलाई यहाँबाट विस्थापित गर्ने षड्यन्त्रजस्तो लाग्छ ।"

सैनामैना नगरपालिकाले विगत सात वर्षदेखि पिपलडाँडास्थित चिल्ड्रेन पार्क छेउमा फोहोर डम्प गर्दै आएको छ । सो क्षेत्र पूर्व-पश्चिम लोकमार्गसँग सटेको हो, जहाँ दैनिक हजारौँको संख्यामा सवारी आवागमन हुन्छ । फोहोरको दुर्गन्धका कारण यात्रुहरू नाक छोपेर हिँड्न बाध्य भएका छन् भने आसपासका बासिन्दा झिंगा र संक्रमणको त्रासमा छन् । स्थानीयले पटक-पटक डम्पिङ साइटको विरोध गर्दै आए पनि नगरपालिका प्रशासनले कुनै ध्यान नदिएको आरोप लगाएका छन् । "जनप्रतिनिधि चाडपर्वमा अतिथि बन्न आउँछन्, तर यहाँको दुर्गन्ध, झिंगा र हैजाको सम्भ(ावित त्रासप्रति गम्भीर चासो देखाएका छैनन् ।" एक स्थानीय महिलाको भनिन् ।

फोहोर थुपारिने स्थलमा नगरपालिकाले दिनको तीन पटक फिनायल छर्ने, माटोले छोप्ने योजना सार्वजनिक गरे पनि व्यवहारमा त्यसको कार्यान्वयन नभएको स्थानीयको गुनासो छ ।

यता, दीर्घकालीन फोहोर व्यवस्थापनका लागि सैनामैना नगरपालिका-१० स्थित एकलापहाडमा संघीय सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार भोगाधिकार लिइएको आठ महिना भइसक्दा पनि उक्त स्थानमा कुनै निर्माण कार्य सुरु हुन सकेको छैन । दीर्घकालीन समाधानमा ढिलाइ हुँदा अस्थायी डम्पिङ साइटका कारण वातावरणीय र जनस्वास्थ्यको समस्या जटिल बन्दै गएको छ ।

स्थानीयले फोहोर व्यवस्थापनमा नगरपालिका गम्भीर नभए पुनः आन्दोलनमा जाने चेतावनी दिएका छन् । सैनामैनामा दैनिक १० टेक्टर फोहोर उत्पादन हुने गरेको छ ।




# सम्पादकीय

## सधैँको पिरलो

धानमा मल राख्ने समय भयो, मल छैन । किसानलाई सास्ती छ । पहिले पानी भएन्, बेलैमा रोपाइँ भएन भन्ने पिरलो, अहिले अब मल राख्नुपर्ने भयो, मल छैन ।

रूपन्देहीको मर्चवार क्षेत्रका रामशंकर यादव अहिले सरकारले पठाएको मल पाइन्छ कि भनेर नजिकैको सहकारीमा दिनहुँ गइरहन्छन्, उनलाई आवश्यक छ, १६ बोरा मल । तर सहकारीले दुई बोरा दिन सकिने बताएपछि उनको मन भरूङ्ग भएको छ । सहकारीले उनलाई ९ सय प्रति बोराका दरले मल दिन्छ । सरकारले अनुदानमा दिने मल पर्याप्त छैन । भारतबाट किनेर ल्याउने मलको मूल्य प्रति बोरा ३ हजार रुपैयाँ पर्छ, अझ गुणस्तरको ग्यारेण्टी छैन । समयमा मल नराखे उत्पादन राम्रो हुन्न । उत्पादन राम्रो नभए खेती किसानीबाट उत्पादन लागत उठाउन पनि हम्मे हम्मे पर्छ । रामशंकर एक प्रतिनिधिपात्र हुन्, उनका झैं दुःख अरु किसानमा पनि उस्तै हुन् ।

समयमै किसानले मल नपाएको गुनासो बढेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले कृषिमन्त्री, उद्योगमन्त्रीलगायत कृषिका विभिन्न निकायका पदाधिकारीहरुलाई कार्यालयमै बोलाएर मलको अभावबारे  असन्तुष्टि जनाइसकेका छन् । किसानले मल नपाएको बारे प्रधानमन्त्रीले लिएको चासो र सरोकारले किसानलाई सरकारले केही गर्दैछ भन्ने सन्देश प्रवाह भए पनि किसानको दैलोमा मल पुगेको छैन । खेतमा खेतीले मल खोजेको छ, तर मल छैन ।

जिम्मेवार र जवाफदेही हुनुपर्ने सरकार हो । जिम्मेवार हुनुपर्ने निकायले जिम्मेवारी  पूरा नगरेपछि प्रधानमन्त्री र सरकारप्रति आलोचना हुन थालेको छ । राज्य संयन्त्रले प्रक्रियागत ढंगले काम नगरेपछि सधैं मलको हाहाकार हुने गरेको छ । हरेक वर्ष मलको अभाव भइरहन्छ । अभाव हुन नदिनका लागि राज्यले बेलैमा प्रक्रियागत काम अघि बढाउन नसक्दाको परिणाम हो । सधैं अभाव झेल्नुपर्ने किसानको पीडा छ । कृषि प्रधान मुलुकमा मलको अभावमा किसान छटपटाउनुपर्ने बाध्यता कहिले हट्ला ? सरकारले मलको पिरलोबाट किसानले कहिले मुक्ति देला ?

हरेक वर्ष मलको अभाव भन्ने समाचार आइरहन्छन् । किसानका पीडाका कथा मिडियाले हरेक वर्ष पस्किरहेका छन् । अब किसानको यो कथा मिडियाले खोज्न नपर्ने र किसानले मल पाउने वातावरण बनाउन साँच्चिकै सरकार गम्भीर हुनुपर्छ । प्रधानमन्त्री ओली किसानका समस्या प्रति गम्भीर भएका हुन् भने यो वर्ष जति सकिन्छ समस्या समाधान गरौं, आगामी वर्षका लागि अभाव हुन नदिने वातावरण तयार गरौं । किसानका समस्या समाधान गर्न सम्भव छ, सरकारले गर्न सक्छ भन्ने सन्देश प्रवाह गरौं ।

# अपरिपक्कताले निम्त्याएका समस्याहरू



तुल्सीराम पाण्डे

अहिलेको समस्यालाई फुकाउन नयाँ बहस चलाउनुपर्ने देखिन्छ । केटाकेटीले १६ वर्ष पुगेपछि विवाह गर्न पाउनु पर्ने । बुढी कन्या बस्न नपाइने । लमीले र पुरेतले समेत परिवार नियोजन र गर्भ पतन नगर्ने प्रतिबद्धता गराएर मात्र विवाह गरिदिने गरेमा आउने पुस्ताको लागि विवाहमा सजिलो हुँदै जाला ।

वि.स. २०१६ सालमा विदेशी गैह्र सरकारी संस्थाहरुले नेपालमा परिवार नियोजन योजना ल्याए । त्यसपछि फाटफुट रुपमा शहरमा बस्ने केही शिक्षित र आधुनिक सौँच भएका मानिसहरुले परिवार नियोजन गर्न थाले । ०४० साल पछि धेरै प्रचार प्रसार बढेको हुनाले सबैले जानकारी पाए । तत्कालिन रुपमा राम्रा र नराम्रा पक्षहरुमा छलफल भयो । दीर्घकालिन रुपमा पर्ने प्रभावको बारेमा कतै पनि छलफल भएन ।

त्यस समयमा चर्चा भएका नराम्रा पक्षहरुमा नशबन्दी गर्नु भनेको खसी पर्नु हो । खसी परेपछि पण्डितले  पूजापाठ गराउनु हुँदैन । किरिया गर्न, तिथि श्राद्ध गर्न, रुद्री सप्ताहा गर्न र अरु धर्म र कर्ममा सहभागी हुन हुँदैन । खसीले गरेको कर्मको फल मिल्दैन भन्दथे । अरु पक्षहरुमा एउटा छोरा पाएर नशबन्दी गर्दा दैव सम्योग परेमा अपुताली पर्न सक्ने । यौन क्रिया गर्दा आनन्द नआउने । श्रीमानले नशबन्दी गरेमा श्रीमती पोइला जाने । सन्तुष्टी नभएमा पर पुरुषसँग लाग्ने । श्रीमतीले गरेमा शरीर कमजोर हुने । घरको काम गर्न कठीन हुने ।

राम्रा पक्षहरुमा दुईमात्र सन्तान इश्वरका वरदान । हामी दुई हाम्रा दुई, सानो परिवार सुखी परीवार, धेरै सन्तान गरिबिको बाटो थोरै  सन्तान सम्पनताको बाटो, धेरै सन्तान रोगी सन्तान । थोरै सन्तान स्वस्थ सन्तान । जस्ता धेरै कुरामा प्रचार प्रसार भयो । केही उखान र ठट्यौली समेत बने । भाग्यमानिको भैंसी वर्षौंटे, अभागिको स्वास्नी वर्षौंटे । दुईमात्र सन्तान इश्वरका वरदान, धेरै सन्तान आफ्नै वरदान । एउटो छोरो, एकमानो खर्च ।

०४० सालपछि फाटफुट रुपमा परिवार नियोजन गर्नेहरु बढ्न थाले । त्यस बेलासम्म धर्म र परम्पराको प्रभाव रहेको हुनाले ०४५/०४६ सालसम्म ९/१० वटी छोरी पाएपछि छोरा पाउने आशामा केही मानिसले दोस्रो र तेस्रो विवाह समेत गरे । एउटा छोरो पाएपछि नशबन्दी गरे । सुरुमै छोरा पाउनेले ४ वटासम्म पाए । छोरी पाउनेले छोरालाई कुर्दा ८/९ वटासम्म छोरी पाए । एउटा वा २ वटा छोरा जन्मेपछि नशबन्दी गरे ।

२०४५ सालपछि शहरमा लुकिछिपी गर्भपतन गर्ने चलन आयो । नशबन्दी गर्न गएकी महिला गर्भवती परेमा अस्पतालमा वा परिवार नियोजनको शिविरमा नै गर्भपतन गरिदिएर नशबन्दी गराए । स्वास्थ्य संस्थामा काम गर्ने नर्सहरुमा समेत परिवार नियोजन गर्न मानिसहरु लगेमा प्रति व्यक्ति भत्ता दिइन्थ्यो । ०४४/०४५ सालमा परिविार नियोजन गर्ने महिलाले रु १०० पाउँथे भने नर्सहरुले कम्तिमा प्रति व्यक्ति रु ५० पाउँथे । नर्सको भत्ता हाकीमको र संस्थाको तजबिजअनुसार धेरै वा थोरै हुन्थ्यो जन्मेका सन्तानहरु हुर्कंदै गए । छलफल चल्दै गयो । प्रभाव बढ्दै गयो । ०५०/०५२ सालपछि शहरमा गर्भको लिँङ्ग परीक्षण गर्ने चलन आयो । त्यस प्रविधिले गर्दा व्यापक  रुपमा छोरीको भ्रुण हत्या भयो । ०५९ सालमा गर्भ पतनले कानुनी मान्यता पायो । परिवार नियोजनको बहश चलाउँदा सुरुमा नै छोरा मान्छेले आत्म निर्भर बनेर ३५ वर्षमा र छोरी मान्छेले २५ वर्षमा विवाह गर्ने र ५ वर्षको फरकमा मात्र सन्तान जन्माउने कुरा चल्यो । त्यसो गरेमा नशवन्दी गर्नु पर्दैन भन्थे । रेडियोमा पनि “दोस्रो बच्चा कहिले, पहिलो स्कुल जान्छ जहिले” भन्ने गीत आउँथ्यो ।

जन्म दरमा फरक परेपछि हाम्रो सामाजिक संरचना, व्यक्तिको बानि र व्यवहारमा  फरक आउन थाल्यो । पहिले आफ्ना सन्तानलाई जनतन हुर्काएर हात खुट्टो लाइदिएपछि आफ्नो भाग्य खाने हो । अरुको रिस गर्न हुँदैन । चर्खा घुमे जस्तै भाग्य पनि घुम्छ भन्दथे । सबै मानिसहरु आफ्नो हैसियत अनुसार व्यवहार चलाउँथे । सन्तानहरुले पनि आफ्नो कर्तव्य निभाउँथे । मान्यजनहरुको इज्जत गर्थे ।

०५० सालपछि छोरा मान्छेहरु धन कमाउन विदेश जान थालेपछि जन्मदरमा स्वत कमी आयो । परिवार नियोजनको प्रभाव विवाहमा पर्न थाल्यो । ०५० सालदेखि ०७० सालसम्म छोरीहरु धेरै हुर्केको र बहुविवाह गर्न नपाइने हुनाले केटा खोज्न मुस्किल भयो । स्नातक पढ्दै गरेका कन्याहरु एस.एल.सी. फेल भएका अरबी लाहुरेलाई समेत दिए । छोराहरुले कमाउनु पर्ने हुनाले पढ्न पाएनन् । गाउँहरुमा उच्च मा. वि. बनेपछि हुर्केका छोरीहरुले घरैबाट हिँडेर बाह्र कक्षा पास गरे । बीस वर्ष पुगेपछि मात्र छोरीको विवाह गर्नुपर्छ भन्ने चेतना फैलिएकाले बाह्र कक्षा पास हुनेहरु सबै क्याम्पसमा भर्ना भए । विवाह भएपछि थोरैले मात्र पढाइ पुरा गरे र धेरैले पढ्न छोडे ।

०७०/०७२ सालपछि सबैको हातमा मोबाइल आएपछि व्यापक  रुपमा प्रेम गर्ने चलन आयो । केटीले केटा रोजेर बस्ने र परिवारले दिएको ठाउँमा विवाह गर्न नमान्ने गर्न थाले । परिवार नियोजन र गर्भ पतनले गर्दा ०७०/०७२ सालपछि विवाह योग्य कन्या पाउन मुश्किल भएको छ । अभिभावकले पैसा खर्च गरेर भाग्य बनाइ दिनुपर्दछ भन्ने सौँचको विकास भएको छ र केही रोजगार पाएका कन्याहरुले स्वतन्त्रता र आत्मनिर्भरताको ढोङ्मा बुढी कन्या बस्न चाहन्छन् ।

त्यस्ता कन्याहरुले ३५ वर्ष काटेर माइतमा बस्दा भाउजू बुहारीले हेप्न थालेपछि र सँगी दमालीले छोराछोरी डोर्‍याउँदै श्रीमानसँग हिँडेको देख्दा बल्ल झसङ्ग भएर विवाह गरेका छन् । बुढी कन्याहरुले श्रीमती बितेका, सम्बन्धविच्छेद भएका, छोरा बुहारी विदेशमा भएका पुरुषसँग विवाह गर्ने गरेका छन् । प्रेम सम्बन्ध नभएका केटाहरुको असल व्यक्तित्व र प्रशस्त धन भए पनि कन्या पाउँन साह्रै मुश्किल भएको छ ।

०७० सालपछि फाटफुट रुपमा एउटा सन्तानमा चित्त बुझाएर बस्ने चलन आएको छ । धेरैको भनाइमा अहिलेको ठूलो खर्चले गर्दा त्यसो गरेको बताउँछ । ३ वटा सन्तान हुनेलाई धेरै जन्माएको भन्दछन् । ०७५/०७६ सालपछि पुरानो समाजिक संरचना व्यापक रुपमा फेरिएको छ । बच्चाहरुले धेरै सुसार पाएको हुनाले मोटोपन बढेको छ । घरको सामान्य काम गर्न पनि जान्दैनन् । पढाइमा र मोबाइलमा व्यस्त रहनाले मान्यजनको र आफन्तको इज्जत गर्दैनन् ।

०८०/०८१ सालसम्म आइपुग्दा ३/४ वर्षसम्म कन्या खोज्दा नपाएर विवाह नभएका ३० वर्ष काटेका वरहरु प्रशस्त भेटिन्छन् । २५ वर्ष काटेका कन्याहरु विवाह गरेर अर्को घरमा जाँदा सोही घरको व्यवहारमा ढल्न नसकेको हुनाले कलह र सम्बन्धविच्छेद बढेको छ । प्राकृतिक रुपमा गर्भ बस्न समेत गाह्रो भएको छ । पहिले छोरा जन्मेमा २ वटा पाउने । छोरी जन्मेमा दोस्रो तेस्रो छोरी जन्मन नपाउने । केही जोडीहरुले एउटा सन्तानमा चित्त बुझाएर बस्न थालेका छन् । सबैले छोराको चाहना राख्दा अब हुर्कने सन्तानको विवाह कसरी होला ।

समाज र धर्म जोडिएको हुनाले जन्मदरको प्रभाव धर्ममा पनि परेको छ । कसैले दुर्गा पूजा गरेर कन्याको पूजा गर्न ९ वर्ष मुनिका कन्याहरु खोज्दा गाउँमा नपुगेर अर्को गाउँबाट ल्याउनु परेको छ । केही ढौँगीहरुले आफ्ना कन्याहरु गर्भमा मार्ने र पूजा गर्ने भनेर अरुको घरमा कन्या खोज्दै जान्छन् । एउटा मात्र छोरो भएमा योगी र सन्यासी लोप हुन सक्छन् । एउटा छोरो सन्यासी भएमा पितृहरु भोकै पर्छन् । एउटा छोरो एकमानो खर्च भनेको पाहुनालाई खान दिए आफू भोकै, आफूले खाए पाहुनाभोकै भने जस्तै घर कुरेर बसेमा केही गर्न नसकेको हुने । छोरो विदेश गएको समयमा मोरु परेमा लास कुरेर बस्नु पर्ने र समयमा छोरो आउन नपाएमा अरुले किरिया गर्नुपर्ने भएको छ । छोरो नै मरेमा अपुताली पर्ने । ढिलो विवाह गर्ने र कमाउन विदेश जानाले जनसंख्या घट्ने । सन्तानहरुले कर्तव्य बोध र अनुशासनको शिक्षा नपाउनाले बुढाबुढी भएपछि सन्तानले हेप्ने गरेका छन् ।

अहिलेको समस्यालाई फुकाउन नयाँ बहस चलाउनुपर्ने देखिन्छ । केटाकेटीले १६ वर्ष पुगेपछि विवाह गर्न पाउनु पर्ने । बुढी कन्या बस्न नपाइने । लमीले र पुरेतले समेत परिवार नियोजन र गर्भ पतन नगर्ने प्रतिबद्धता गराएर मात्र विवाह गरिदिने गरेमा आउने पुस्ताको लागि विवाहमा सजिलो हुँदै जाला ।

# नेप्से परिसूचक १८ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार १८ दशमलव शून्य दुई अङ्कले घटेर दुई हजार ७३९ दशमलव ९५ को बिन्दुमा कायम भएको छ । परिसूचक शून्य दशमलव ६५ प्रतिशतले घटेको हो ।

३२३ कम्पनीको एक करोड ४० लाख नौ हजार ७०८ कित्ता शेयर ५८ हजार १०५ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५४ करोड ८६ लाख ३८ हजार ३३५ दशमलव ९२ को कारोबार भएको छ ।

उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ८८, विकास बैंक एक दशमलव ६९, वित्त शून्य दशमलव ५३, होटल तथा पर्यटन शून्य दशमलव ६८ र जलविद्युत् एक दशमलव १९ प्रतिशतले घटेको छ ।

त्यस्तै, लगानी शून्य दशमलव ७८, जीवन बिमा शून्य दशमलव ४४, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फण्ड शून्य दशमलव १६, निर्जीवन बिमा शून्य दशमलव ५०, व्यापार शून्य दशमलव १९ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ ।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सात दशमलव २९ प्रतिशतले घटेको छ ।

कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा बढी हिमालयन डिस्टिलरी लिमिटेडको रु एक अर्ब ७५ करोड ७९ लाख ३० हजार ३८६ बराबरको १२ लाख ७४ हजार २२५ कित्ता शेयर किनबेच भएको छ ।

# नेपाली समाजमा चाडपर्व र खानपानः सकारात्मक सुधार आफैँबाट सुरु गर्न जरूरी

नारायण अधिकारी

नेपाल बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक मुलुक हो, जहाँ वर्षभरि विभिन्न जातजाति र समुदायका चाडपर्वहरू मनाइन्छन् । यस्ता चाडपर्वले सामाजिक एकता, सांस्कृतिक पहिचान र पारिवारिक सम्बन्धलाई मजबुत बनाउने काम गर्छन् ।

तर यिनै चाडपर्वमा गरिने खानपानको परम्पराले स्वास्थ्यमा सकारात्मक र नकारात्मक दुवै असर पार्न सक्छ । पछिल्लो समयमा नेपाली समाजमा अत्यधिक तेल, घ्यू, चिनी, मासुजन्य पदार्थ तथा मदिरा सेवनको चलन बढ्दै गएको छ, जसले दीर्घकालीन रूपमा जनस्वास्थ्यमा गम्भीर समस्या निम्त्याइरहेको छ ।

**चाडपर्व र परम्परागत खानपानको भूमिका**

नेपाली चाडपर्वहरू - दसैं, तिहार, तीज, छठ, जनैपूर्णिमा, माघे संक्रान्ति, ल्होछार आदि – विशेष परिकार र मीठा खानाले सजिन्छन् ।

यो हाम्रो संस्कृति र परम्पराको अभिन्न अङ्ग हो । दसैंमा मासुजन्य परिकार, भात, अचार; तिहारमा सेलरोटी, मिठाइ; तीजमा दरका रूपमा स्वादिष्ट परिकार; र माघे संक्रान्तिमा तिलको लड्डु, चाकु, घिउ, तरुल आदिको चलन छ । यी खानाले सांस्कृतिक र भावनात्मक सन्तुष्टि दिने भए पनि अत्यधिक सेवनले स्वास्थ्यमा असर पार्न सक्छ ।

**अत्यधिक तेल, नुन, चिनीको प्रयोग र यसको असर**

चाडपर्वमा घरघरमा तारेका परिकार, गह्रौं खानाहरू र मिठाइ प्रशस्त बनाइन्छ । यस्ता खानामा अत्यधिक तेल, घ्यू, नुन र चिनी प्रयोग हुन्छ । यसले निम्न स्वास्थ्य समस्या निम्त्याउन सक्छः

१. मुटु रोग - अत्यधिक घ्यू र तेलयुक्त खाना मुटुका रक्तनली बन्द गर्ने सम्भावना बढाउँछ।

२. मधुमेह (डायबिटिज) - चिनीजन्य परिकारको अत्यधिक सेवनले मधुमेहको जोखिम बढाउँछ ।

३. उच्च रक्तचाप - नुनको अत्यधिक प्रयोगले रक्तचाप बढाउँछ ।

४. मोटोपन र कोलेस्ट्रोल - बारम्बार चिल्ला तथा तारेका परिकारले शरीरमा बोसो जम्ने गर्छ ।

५. पाचन समस्या - अनियमित र अत्यधिक खानपानले ग्यास्ट्रिक, अपच, कब्जियतजस्ता समस्या ल्याउँछ ।

**मदिरा र चुरोट सेवनको असर**

चाडपर्वमा रमाइलोको नाममा धेरैले मदिरा तथा चुरोटजन्य पदार्थ सेवन गर्छन् ।

अत्यधिक मदिराले कलेजोमा गम्भीर असर पार्ने मात्र होइन, मानसिक स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पार्छ ।

त्यसैगरी, चुरोट सेवनले फोक्सो रोग, क्यान्सर र हृदयाघातको जोखिम बढाउँछ । यस्ता बानीहरू समाजमा “फेसन” सरह फैलिएको अवस्था देखिन्छ, जुन गम्भीर चिन्ताको विषय हो ।

**खानामा सन्तुलन र स्वस्थ विकल्प**

चाडपर्वको आनन्द लिँदा स्वास्थ्यप्रति बेखबर हुनु हुँदैन । यसका लागि केही सावधानी आवश्यक छन् :

१. परिकारमा विविधता ल्याउने - भात र मासु मात्र नभई तरकारी, सागपात, सलाद पनि समावेश गर्ने ।

२. तेल र चिनी घटाउने - परिकारमा अत्यधिक तेल वा चिनी प्रयोग नगर्ने ।

३. घरेलु मसालाको प्रयोग गर्ने - बेसार, जिरा, धनिया जस्ता मसालाले स्वादसँगै स्वास्थ्य लाभ पनि दिन्छ ।

४. मादक पदार्थ कम गर्ने वा त्याग्ने - विशेषगरी युवालाई यसको असरबारे सचेत गराउन आवश्यक छ ।

५. व्यायाम र सक्रियता - खानपान बढ्ने भएकाले बिहान हिँड्डुल, योग वा नाचगानजस्ता गतिविधिमा सहभागी हुने ।

**परिवर्तनको सुरुवातः व्यक्तिगत र सामूहिक चेतना**

नेपाली समाजमा स्वास्थ्यबारे चेतना विस्तार हुँदै गएको भए पनि अझै पर्याप्त छैन ।

चाडपर्वमा स्वस्थ रहन विद्यालय, स्वास्थ्य संस्था तथा सामाजिक सङ्गठनहरूले जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । टेलिभिजन, रेडियो र सामाजिक सञ्जालमार्फत् पनि सन्देश प्रवाह गर्न सकिन्छ ।

तर सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको व्यक्तिगत सुधार हो । घरका वृद्ध, बालबालिका तथा बिरामी सदस्यका लागि पोषणयुक्त र सजिलो खाना तयार गर्नुपर्छ । आफैं स्वस्थ रहँदा मात्र चाडपर्वको पूर्ण आनन्द लिन सकिन्छ भन्ने बुझ्न जरुरी छ ।

**निष्कर्ष**

नेपाली समाजमा चाडपर्व केवल उत्सव मात्र होइन, पहिचान र आत्मसन्तुष्टिको प्रतीक हो । तर यसको नाममा हुने अस्वस्थ खानपानले दीर्घकालीन रूपमा व्यक्तिगत र सामूहिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ ।

त्यसैले परम्परा र आधुनिक स्वास्थ्य ज्ञानको सन्तुलन कायम गर्दै चाडपर्वलाई अझ स्वस्थ, रमाइलो र अर्थपूर्ण बनाउनुपर्ने बेला आएको छ । स्वास्थ्यप्रति सजग रहँदा मात्र हामीले चाडपर्वको वास्तविक सार्थकता अनुभव गर्न सक्छौं ।

स्वास्थ्य खबरबाट

## रास्वपाबाट...

रुपन्देही ३ मा अनियन्त्रित नदी दोहन तथा ढुंगा, गिट्टी, बालुवा चोरी तस्करीको ठूलो समस्या रहेको भन्दै आफूले यसलाई नियन्त्रण गर्न संसदबाट वैज्ञानिक नीति बनाउन भूमिका खेल्ने बताए।

निर्वाचन आयोगले रुपन्देही क्षेत्र नं. ३ को उप-निर्वाचनको मिति सार्वजनिक गर्दा रुपन्देही ३ का ३६ वडामध्ये २ वडा वडा समिति रहेकामा त्यसयता आफ्नो सक्रियतामा ३४ वडामा संगठन विस्तार भएको अर्यालले जनाए।

'क्षेत्रका आफ्ना पार्टीका नेता कार्यकर्ताहरुको चाहना र सुझावअनुसार नै उम्मेदवार बन्न लागेको हुँ, पार्टीले अपनाएको उम्मेदवार छनोट विधिअनुसार पनि प्राइमरी इलेक्सन र अन्य मापदण्डमा अब्बल दाबी गरेको छु,' अर्यालले भने-'म निर्वाचन क्षेत्रका मुद्दालाई स्थापित गर्ने गरी उम्मेदवार बन्न खोजेको हुँ।' भूगोललाई मसिनो गरी बुझेका अर्याल उम्मेदवार भएकाले कार्यकर्ताहरु समेत उत्साही छन्। अर्याल जे काम गर्छन्, त्यसलाई इमान्दारीपूर्वक गर्नुपर्छ भन्ने मान्यता राख्छन्। अर्यालले अन्य उम्मेदवारहरुले जस्तो ठूला सपना बाँडेका छैनन्।

राष्ट्रिय गौरवको आयोजनामा पर्ने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि प्रतनिधिसभा सदस्यका रुपमा आफूले अभिभाकत्व लिने गरी नीतिगत पहल गर्ने उनको अठोट छ। त्यसो त अर्यालले पार्टी समक्ष आफ्ना योजनाहरुको विस्तृत योजना नै पेश गरेका छन्, तर उनले आफू सांसदका रुपमा नीतिगत र कानुनी रुपमा गर्न सक्ने भूमिकालाई मुख्य एजेन्डाका रुपमा अघि सारेका छन्। विमानस्थलसँगै बुद्धजन्मस्थल लुम्बिनीलाई जोडेर आध्यात्मिक पर्यटन र त्यसका लागि बुद्ध सर्किटका लागि पहल गर्ने उनको योजना छ।

तिनाउ दानव नदीलाई प्रकृति र मानव जीवनसँग जोडेर विकास गर्ने, सहरमुखी क्षेत्र र ग्रामीण इलाकाहरुमा कृषिलाई प्राथमिकता राखेर काम गर्ने उनको प्रतिबद्धता छ। प्रविधिमा आधारित रहेर कृषिको आधुनिकीकरण गरी उत्पादन बढाउने र यसको बजारीकरणमा विशेष भूमिका खेल्ने उनले बताए। 'कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनमा बिशेष रुपमा नीतिगत कामहरु गर्न खटिन्छु।'- उनले भने। उनले निर्वाचन क्षेत्र न. ३ को मा मल र सिँचाइको व्यवस्था, पूर्वाधार विकासका लागि प्राथमिकताका साथ काम गर्ने योजना बनाएका छन्। अर्यालले रास्वपाको संगठन विस्तारमा क्षेत्र, जिल्लामात्रै होइनू, देशका विभिन्न अभियानमा सामेल भएका छन्। पार्टी सभापति रवि लामिछानेसँगै उनी विभिन्न अभियानमा सामेल भएका छन्। नारायणगढ-बुटवल सडक विस्तारका लागि दबाब दिन आयोजित पैदल यात्रामा उनी रवि लामिछानेसँगै हिंडेका थिए। जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पका बेला राहात र उद्धारका बेला पनि अर्याल पार्टी सभापतिसँगै खटिएका थिए।

यस्तै पाल्पा, अर्घाखाँची, कपिलवस्तुमा रास्वपाका विभिन्न कार्यक्रममा पार्टी सभापतिको सम्बोधनमा सँगसँगै हिंडेको उनी बताउँछन्। स्वदेशमा मात्रै होइन, अर्याल बेल्जियमको एन्ट्रोपसिटिमा प्रमुख अतिथिका रुपमा सहभागी भएर संगठन विस्तार गरेका थिए। त्यसैगरी उनी पोल्याण्डको राजधानी वासा, बेल्जियमको ब्रसेल्स बहरमा पनि पार्टी गतिविधि विस्तारमा लागेका थिए। बुटवल १७ का मधुप्रसाद अर्याल अभियान्ता, लेखक, र अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता हुन्। सामाजिक रुपान्तरणका लागि नयाँ काम गर्ने अठोटसहित राजनीतिमा लागेका उनी बालबालिकाको क्षेत्रमा १५ वर्षदेखि काम गरेका व्यक्ति हुन्। बालबालिकमा देखिने संवेदनशिल विश्वव्यापी समस्या 'अटिजम' मा विद्यावारिधिको शोधकर्ता हुन्। अन्तर्राष्ट्रिय अनुसन्धान फेलोको रूपमा उनले काम गरेका छन्। काठमाडौंका विभिन्न कलेजहरुमा प्राध्यापन समेत गरेका उनले केही विद्यालय तहको पुस्तक लेखेका छन्। कक्षा ११ र १२ को अनिवार्य नेपाली (२०६३) विषयका सहलेखक हुन भने उनले टाकुरिएका नेपाली कविता संग्रह (२०६१) प्रकाशित छन्। अर्यालको सबै क्षेत्रका व्यक्तिहरुसँग राम्रो सम्बन्ध बनाएका छन्। वैकल्पिक शक्ति मूलधारको पार्टीहरुसँगै प्रतिस्पर्धा गरेर स्थापित हुने उनको मान्यता छ।

रास्वपाबाट उम्मेदवार बन्न ९ जनाले आवेदन दिएका छन्। उम्मेदवार बन्न आवेदन दिनेहरुमा अर्यालसँगै शुलभ खरेल, पार्थिवेन्द्र उपाध्याय, डा. लेखजंग थापा, ज्ञानु पौडेल, जितबहादुर (जेबी) गुप्ता, कुसुम महर्जन, रचना क्षेत्री र पुनमकुमारी अग्रवाल रहेका छन्।

उम्मेदवारका लागि आवेदन दिएकाहरुमध्ये कुसुम महर्जन पार्टी केन्द्रीय सदस्य हुन्। उनी गत आम निर्वाचनमा समानुपातिक उम्मेदवार थिइन्। भैरहवा माइती भई भक्तपुर बस्दै आएकी उनी अहिले उम्मेदवार बन्नकै लागि समानुपातिक सूचीबाट नाम हटाउन पार्टीमा निवेदन दिएकी थिइन्।

भैरहवा निवासी जेबी गुप्ता रास्वपा रुपन्देहीको संस्थापकमध्येका एक हुन्। २०७९ को चुनावमा रास्वपाबाट उम्मेदवार बनेर ५ हजार ७ सय ९६ मत ल्याएका थिए।

सहकारी अभियान्ता ज्ञानु पौडेल भैरहवा निवासी हुन्। पौडेल लुम्बिनी विशिष्टीकृत सहकारीको अध्यक्ष, लुम्बिनी प्रदेशकै ठूलो जनउत्थान सहकारीकी पूर्व अध्यक्षर केन्द्रीय बचत तथा ऋण सहकारी संघकी केन्द्रीय सदस्य हुन्। बुटवल १६ सेमलारका सुलभ खरेल अमेरिकाबाट उम्मेदवार बन्नकै लागि आएको चर्चा छ। पेशाले अधिवक्ता उनी यसअघि पार्टीमा सक्रिय थिएनन्।

पार्थिवेन्द्र रुपन्देही क्याम्पस भैरहवाका क्याम्पस प्रमुख थिए। उम्मेदवार बन्नका लागि उनले पदबाट राजीनामा दिएका छन्। उनी अघिल्लो चुनावमा विवेकशील साझा पार्टीबाट रुपन्देही ३ मै संघीय सांसदको उम्मेदवार थिए। उनी नेकपा एमालेका स्वर्गीय नेता धनपति उपाध्यायका छोरा र सिद्धार्थनगरकी उपमेयर उमा अधिकारीका पति हुन्। उनी अधिवक्ता पनि हुन्। डा. लेखजंग थापा न्यूरो सर्जन हुन्। उनको भैरहवामा आफ्नै क्लिनिक छ। गत आम निर्वाचनमा उनी नागरिक उन्मुक्ति पार्टीबाट प्रदेश सभा सदस्यका समानुपातिक उम्मेदवार थिए।

रचना क्षेत्री पार्टीको जिल्ला कोषाध्यक्ष हुन्। उनी मन्टेश्वरी विद्यालय सञ्चालक हुन्। पुनमकुमारी अग्रवाल नेपालकै ठूलो प्रांगारिक मल उद्योगकी सञ्चालक हुन्। उनी विगत दश वर्षदेखि राजनीतिमा सक्रिय छन्। रास्वपामा उम्मेदवार छनोट विधिअन्तर्गत प्रारम्भिक निर्वाचन (प्राइमरी इलेक्सन) को नतिजाको ५० अंक, समावेशिताको ५ अंक, पोलिटिकल प्रोक्सिमिटीको २० अंक र लिडरसिप एकेडेमीको नतिजाको २५ अंकका आधारमा उम्मेदवारको अन्तिम टुंगो भदौ १५ गते लाग्ने छ।

भदौ १२ गते बिहान ७ बजेदेखि १३ गते साँझ ७ बजेसम्म उम्मेदवार छनोटका लागि पार्टीको मोबाइल एपबाट अनलाइन भोटिङ (प्राइमरी इलेक्सन) हुने पार्टी सहमहामन्त्री विपिनकुमार आचार्यले जानकारी दिए।

प्राइमरी इलेक्सनमा सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यको मतदानको ८० अंक, क्षेत्रभित्रका मतदाता रहेका पार्टीका तहगत समिति सदस्यको मतदानको १० अंक र केन्द्रीय समिति सदस्यको मतदानको १० अंकभार रहने छ। पार्टी सदस्यको मतदानमा साउन २६ सम्म पार्टी सदस्यता लिएकाले मात्र मतदानमा भाग लिन पाउने सह-महामन्त्री आचार्यले बताए।

प्राइमरी इलेक्सनमा रास्वपाले छनोट भएका उम्मेदवारहरु मध्ये पार्टी सदस्य मतदातालाई कोही पनि मन नपरेको अवस्थामा त्यस विकल्पमा पनि मतदान गर्न पाइने र नयाँ उम्मेदवार ल्याउने विकल्प पनि खुला राखेको छ।

निर्वाचन आयोगले असोज २१ गते उम्मेदवारी दर्ताको कार्यतालिका सार्वजनिक गरिसकेको छ।

इलाम र बाराको उपचुनावमा नराम्रो हार व्यहोरेको रास्वपाले यहाँको उप-चुनाव जितेर पार्टीको शाखलाई फर्काउने रणनीतिमा छ।

# बाँकेमा ८५ किलोमिटर सडक निर्माण



नेपालगञ्ज। बाँकेमा करिब ८५ किलोमिटर विभिन्न प्रकारका सडक र नाला निर्माण गरिएको छ। सडक पूर्वाधार विकास र सहरी विकास तथा भवन कार्यालयले क्रमशः ४५ र ४० किलोमिटर सडक बनाएका हुन्।

सडक पूर्वाधार कार्यालयका प्रमुख दिपक खड्काले आव २०८१/०८२ ४५ किलोमिटर सडक र पक्की नाला निर्माण गरिएको जानकारी दिए। उनले सबैभन्दा बढी नेपालगञ्ज, खजुरा र बैजनाथ गाउँपालिकामा नाला र सडक बनाइएको बताए। सडक बनाउन रु २१ करोड खर्च भएको जानकारी पनि उनले दिए। सात वटा कल्भर्ट र कजवे, दुई वटा पुल निर्माण गरिएको छ।

शहरी विकास तथा भवन कार्यालयमार्फत् जिल्लामा ४० किलोमिटर सडक र नाला निर्माण गरिएको छ। त्यसमध्ये सबैभन्दा बढी ११ दशमलव ५४ किलोमिटर ढल, ५ दशमलव ३९ किलोमिटर ग्राभेल सडक निर्माण गरिएको कार्यालयप्रमुख रामआत्रेय शाहले जानकारी दिए। दुवै कार्यालयले गत आवमा यी काम गरेका हुन्।


## श्री बरवलिया माध्यमिक विद्यालय

तिलोतमा न.पा. - १७, रुपन्देही

### कार्यालय सहायक (लेखापाल) आवश्यकता

मितिः २०८२/०५/०९

प्रस्तुत विषयमा यस तिलोत्तमा नगरपालिका वडा न. १७ रुपन्देही, लुम्बिनी प्रदेश मा सञ्चालित श्री बरबलिया माध्यमिक विद्यालय, बरवलियामा तिलोत्तमा नगरपालिकाको शिक्षा शाखाबाट मिति २०८२।०४।२५ गते च.न. २४५ को प्राप्त अनुमति अनुसार कार्यालय सहायक लेखापाल। पद रिक्त रहेकोहुनाले सो करार पदपुर्ति गर्नको लागि वि.व्य.स.को मिति २०८२।०५।०८ को बैठक न. ५ को निर्णय अनुसार लेखा सम्बन्धि कार्यगर्नको लागि लेखापाल नियुक्ति गर्न परेकोले इच्छुक नेपाली नागरिकहरुबाट उम्मेदवारको लागि तपशिल बमोजिम दरखास्त आह्वान गरिन्छ।

**तपशिल**

**विज्ञापन नं.**: ०१/०८२ /८३ **पद** : कार्यालय सहायक (लेखापाल)
**संख्याः** १ **किसिम** : करार
**तलब स्केल** : प्रचलीत तलब स्केल अनुसार **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**न्यूनतम शैक्षिक योग्यता** +१२ Management **आवेदन दस्तुर** : रु १०००/
**दरखास्त दिने मिति** : २०८२/०५/०९ देखी २०८२/०५/२३ **दरखास्त दिने स्थान** : श्री वरवलिया मा. वि
**फोन सम्पर्क नं.** ९८४७०३७५०३, ९८४७०५०५७३
**परीक्षाको किसिम** : लिखित अन्तरवाता र प्रयोगात्मक।
**आवश्यक कागजातहरु** : नेपाली नागिरताको प्रतिलिपि, शैक्षिक प्रमाण पत्रको प्रतिलिपि, निरोगिता प्रमाण पत्रको प्रतिलिपि।
**विद्यालय बन्दरहेपनि फोन सम्पर्क गरी कार्यालय खोलिनेछ।**

## कान्ति माध्यमिक विद्यालय

बुटवल-४, रूपन्देही

### म्यादथप सम्बन्धी सूचना !

मिति : २०८२।०५।०९

यस विद्यालयद्वारा मिति २०८२।०५।०६ गते प्रकाशित शिक्षक र कर्मचारी आवश्यकता सम्बन्धी सूचनामा आवेदन दिने समय २०८२।०५।१३ गते शुक्रबारसम्म तोकिएकामा विशेष कारणवश आवेदन दिने म्याद २०८२।०५।२० गते शुक्रबारसम्म थप गरिएको र परीक्षा २०८२।०५।२१ गते शनिबार यथावत समयमा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**गोविन्द ज्ञवाली**
**प्रधानाध्यापक**

## माण्डवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

### नदिजन्य पदार्थ (ढुंगा, गिट्टी,बालुवा) उत्खनन् र बिक्री कार्यको ठेक्का बन्दोबस्तीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना !

***( प्रथम पटक प्रकाशित मिति :२०८२/०५/०६ गते )***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक श्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०८२/८३ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र हार्ड कपी (Hard Copy) मार्फत् बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.mandavimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**ढुंगा, गिट्टी, बालुवा प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| ठेक्का नं. | नदी/खोलको विवरण | बार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक रु.मा (भ्याट र अग्रिम आयकर बाहेक ) | बोलपत्र जमानत रकम (धरौटी रकम') रु. | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 01-MRM/NCB-82/83 | झिमरुक र माडी नदि | १६,६४९.८ | ३५,२७,९२६.२२/- | १,०५,०००/- | ३,०००/- | |

**नोट. ढुंगा, गिट्टी, बालुवाको दररेट प्रति क्यु .फुट** (**लुम्बिनी प्रदेश आर्थिक ऐन २०८२**) **बमोजिम ने.रु.६**(**भ्याट र अग्रिम आयकर बाहेक**)

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको आरन्तरिक राजस्व खाता नं २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।
- बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८०/८१ को कर चुक्ताको प्रमाणपत्र, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८२/०६/०७ गते सम्म बोलपत्र खरिद गरि सोही दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको ५:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
- बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र जमानत रकम रु १,०५,०००/-यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
- अन्य जानकारीको लागि माण्डवी गाउँपालिकाको वेभ साईट www.mandavimun.gov.np मा हेर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी



**ढकमक्क फुलेको कमल फूलः**
रूकुम पूर्वको सदरमुकाम सिस्ने गाउँपालिका- ५ स्थित कमल दहमा फुलेको कमल फूल। फूलले ताल ढकमक्क हुँदा आन्तरिक पर्यटकहरुको घुँइचो लाग्ने गरेको छ। तस्विरः सिर्जना कार्की/रासस

# उद्योग व्यापार संगठनको अध्यक्षमा रोक्का



बुटवल। चेम्बर अफि कमर्स (उद्योग व्यापार संगठन ) रुपन्देहीको अध्यक्षमा सचिन रोक्का निर्वाचित भएका छन्।

संस्थाको १८औं वार्षिक साधारण सभा तथा ९औं अधिवेशनबाट रोक्काको नेतृत्वमा सर्वसम्मत कार्यसमिति चयन भएको हो। रोक्का यसअघि संस्थाको वरिष्ठ उपाध्यक्ष थिए।

निर्वाचन समितिका अनुसार वरिष्ठ उपाध्यक्षमा राम मिलन यादव, उद्योग उपाध्यक्ष मधुसुदन अर्याल, वाणिज्य उपाध्यक्ष सुरेन्द्र कुमार पाण्डेय, महासचिव लक्ष्मी अधिकारी, कोषाध्यक्ष धिरज कुमार मल्लिक, सचिव गौतम कुमार गुप्ता, कृष्णप्रसाद पाण्डे र सह-कोषाध्यक्षमा सन्तोष शुक्ला निर्वाचित भएका छन्।

त्यस्तै एशोसिएट सदस्यमा रामअवध गुप्ता, सदस्यहरुमा उद्योगतर्फ रामप्रसाद भण्डारी, रामप्रसाद श्रेष्ठ र राजन विश्वकर्मा तथा वाणिज्यतर्फ दिनेश गुप्ता, गोविन्द सापकोटा जैसी, शम्भुप्रसाद यादव, विष्णु कंडेल, शिवम जयसवाल, कृष्णप्रसाद मरासिनी र प्रिया बन्धु न्यौपाने निर्वाचित भएका छन्। यस्तै महिला सदस्यमा माया खनाल र गीता गैरे बञ्जाडे रहेका छन्। अध्यक्ष रोक्काले सिकन्दर अली र अब्दुल कयुमलाई कार्यसमिति सदस्यमा मनोनित गरेका छन्।

# सडक स्तरोन्नतिपछि धार्मिक पर्यटक लाभान्वित



अर्घाखाँचीपूर्व-पश्चिमराजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे-सन्धिखर्क सडक विस्तार तथा स्तरोन्नति गरेपछि सुपादेउराली पुग्ने पर्यटक लाभान्वित भएका छन्।

साँघुरो खाल्टाखुल्टीसहितको पुरानो र जीर्ण बनेको गोरुसिङ्गे-सन्धिखर्क खण्डलाई फराकिलो बनाउने, नाली निर्माण गर्ने र कालोपत्र गर्ने काम गरेपछि आजभोलि यात्रा सहज भएको हो।

गोरुसिङ्गेबाट सदरमुकाम सन्धिखर्कसम्म करिब ६८ किलोमिटर सडक स्तरोन्नति गरिएको हो। केही ठाउँमा सात मिटर र केही स्थानमा पाँच मिटर चौडाइमा सडक फराकिलो बनाइएको सडक डिभिजन कार्यालय शिवपुरका डिभिजन प्रमुख एवं इञ्जिनीयर सविन कोइरालाले बताए। उनका अनुसार गोरुसिङ्गेबाट सन्धिखर्कसम्म ६७ दशमलव पाँच किमी सडक कालोपत्र गरिएको छ।

पूर्व-पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे सन्धिखर्क सडक विस्तार तथा मर्मत कार्य तीव्रगतिमा अघि बढेको थियो। गत आर्थिक वर्षमा पहिरो रोकथाम तथा स्तरोन्नतिमा रु एक करोड, मर्मतमा एक करोड ५० लाख, सडक सुरक्षामा ५५ लाख, सडकको अत्यधिक मर्मतमा दुई करोड रकम खर्च भएको प्रमुख कोइरालाले जानकारी दिए।

वर्षामा आउने पहिरोले सडकअवरुद्ध हुने भएकाले नियमित सञ्चालनका लागि दुई वटा पहिरो पन्छ्याउन प्रयोग गरिने उपकरण तयारी अवस्थामा राखिएको छ। ठाँडामा जेसिभी र नरपानीमा लोडर तयारी अवस्थामा राखिएको उनले बताए।

गोरुसिङ्गे-सन्धिखर्क खण्डअन्तर्गत शीतगङ्गा नगरपालिकाको बसेरीको जङ्गल, अमराई, रिब्दी, सितापुर तथा सन्धिखर्क नगरपालिकाको नरपानीबाट फुद्बाङ्गसम्मको सडकमा पहिरोको उच्च जोखिममा रहेका डिभिजन प्रमुख कोइरालाले उल्लेख गरे। उनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा सडक मर्मत तथा स्तरोन्नतिका लागि रु आठ करोड ४० लाख बजेट प्राप्त भएको छ।

यो खण्ड स्तरोन्नति गरिएपछि विशेष गरी शक्तिपीठका रूपमा रहेको सुपादेउराली मन्दिरमा आउने धार्मिक पर्यटकलाई सहज भएको कोइरालाको भनाइ छ। अवरोधबिना यात्रा गर्न पाएपछि मन्दिर दर्शनका लागि आउने आन्तरिक तथा बाह्य पर्यटक लाभान्वित भएका उनले बताए।

"यसअघि सुपादेउराली मन्दिरमा पुगेका जो कोहीले चट्टानी भिरमा रहेको साँघुरो र डरलाग्दो सडक सम्झन्थे। त्यही चट्टानी डरलाग्दो भिरमा रहेको साँघुरो सडक फराकिलो बनेपछि मन्दिर आउने धार्मिक पर्यटकलाई सहजता भएको छ।"-उनले भने।

यसअघि लाहुरेबजारबाट सुपा मन्दिरसम्म सडकको चौडाइ चार दशमलव पाँच मिटर हुँदा यातायात आवागमनमा कठिनाइ हुँदै आएको थियो। सडक डिभिजन शिवपुरले सडक स्तरोन्नति गरी नौ मिटर चौडाइको बनाएको हो।

नेपालको प्रसिद्ध धार्मिकस्थल सुपादेउरालीमा आउने धार्मिक पर्यटकको संख्या वृद्धि गर्न तथा सुपादेउराली आसपासका पर्यटकीय गन्तव्य नरपानीको डाँडाको प्रचारप्रसार हुने अपेक्षा लिइएको मन्दिर संरक्षण समितिका उपाध्यक्ष हरि खनालले बताए।

मन्दिरको दर्शन गर्न अर्घाखाँची, कपिलवस्तु, दाङ, प्यूठान, गुल्मी, रुपन्देहीलगायत जिल्लाबाट पर्यटक आउने जनाउँदै भारतको उत्तर प्रदेश, विहारबाट पनि धार्मिक पर्यटक यहाँ आउने गरेका सन्धिखर्क-७ का वडाध्यक्ष चुराबहादुर केसीले जानकारी दिए।

यहाँ आएका धार्मिक पर्यटकलाई खाँचीकोट हुँदै, एसियाकै सबैभन्दा ठूलो भगवती देवीको मूर्ति रहेको अर्घा भगवती मन्दिर र अर्घा दरबार क्षेत्रसम्म पुऱ्याउने योजनासहित गरपालिकाले काम अगाडि बढाएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए। सुपादेउरालीमा आएका भक्तजनका लागि लक्षित गरेर भौतिक संरचना निर्माण गर्न थालिएको उनले जानकारी दिए।

सुपादेउरालीको दर्शन गरेपछि मनले चिताएको पुग्ने धार्मिक विश्वास रहिआएको मन्दिर संरक्षण समितिका उपाध्यक्ष खनालले बताए। कडा चट्टानकाबिच निर्माण भएको सडक र सोही सडकको छेउमा मन्दिर छ। यहाँ आएर राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा उच्च पदमा पुगेका व्यक्तिलेसमेत दर्शन गर्छन्।

कुनै समस्या आएकामा सुपादेउरालीलाई भाकल गरे समस्या टर्ने विश्वास रहिआएको छ। सोही कारणले यहाँ पाठी, बोका, भाकल गरी बलि चढाउने गरिन्छ।

# लघुवित्तले २५ प्रतिशतसम्म लाभांश दिन पाउने



बुटवल। लघुवित्त वित्तीय संस्थाहरूले सेयरधनीलाई २५ प्रतिशतसम्म लाभांश वितरण गर्न सक्ने भएका छन्।

यसअघि १५ प्रतिशतको सीमा रहेकोमा त्यसलाई केही फराकिलो बनाइएको छ। यसअघि घोषणा गरिएको चालु आर्थिक वर्षको मौद्रिक नीति कार्यान्वयनका लागि निर्देशन जारी गर्दै नियामक राष्ट्र बैंकले लघुवित्तलाई लाभांश वितरणसम्बन्धी नयाँ व्यवस्था गरेको हो।

अब लघुवित्त वित्तीय संस्थाले दिने लाभांश निष्क्रिय कर्जामा भर पर्ने भएको छ। निष्क्रिय कर्जा ५ प्रतिशतभन्दा कम भएका लघुवित्तले २५ प्रतिशतसम्म लाभांश दिन सक्ने छन्।

त्यस्तै निष्क्रिय कर्जा ५ देखि १० प्रतिशतसम्म भएकाले २० प्रतिशतसम्म र १० देखि १५ प्रतिशतसम्म निष्क्रिय कर्जा हुनेले १५ प्रतिशतसम्म लाभांश दिन सक्ने व्यवस्था गरिएको छ।

निष्क्रिय कर्जा १५ प्रतिशतभन्दा बढी भएकाले भने लाभांश वितरण गर्न नपाउने भएका छन्। पुँजीकोष अनुपात न्यूनतम ९ प्रतिशत कायम गरेकाले मात्रै नगद लाभांशको प्रस्ताव गर्न पाउने छन्।

त्यस्तै तोकिएको चुक्ता पुँजी पुऱ्याउन नसकेका कम्पनीले कर प्रयोजनबाहेक नगद लाभांश दिन पाउने छैनन् तर बोनस सेयर दिन पाउने छन्।

यसअघि लघुवित्त संस्थाले १५ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्नुपरेको खण्डमा प्रस्तावित लाभांशको ५० प्रतिशत रकम साधारण जगेडा कोषमा र त्यसपछिको १५ प्रतिशत ग्राहक संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था थियो। यहीं व्यवस्थाका कारण लघुवित्तहरुले १५ प्रतिशत बढी लाभांश दिन सकिरहेका थिएनन्।

# क्यानन माविमा विभिन्न प्रतियोगिता सम्पन्न



बुटवल। क्यानन मावि बुटवलले तिजको सन्दर्भ पारेर विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरु सम्पन्न गरेको गरेको छ। नगरस्तरीय र विद्यालयको तहगत तिज गायन तथा नृत्य र विद्यालयकै तहगत कविता प्रतियोगिताहरु सम्पन्न गरेको हो। विद्यार्थीहरुको अतिरिक्त क्षमताको प्रस्फुटन तथा शिक्षण सिकाइलाई रचनात्मक बनाउने उद्देश्यले विद्यालयले प्रतियोगितात्मक कार्यक्रमहरु गरेको विद्यालयका प्राचार्य शंकर भण्डारीले बताए। उनले विद्यालयमा पाठ्यक्रमसँगै अन्य प्रतिभा प्रस्फुटनको थलोका रुपमा विकास गर्ने प्रयत्न गरिएको बताए।

आइतबार भएको विद्यालयस्तरीय तहगत तिज गायन तथा नृत्य प्रतियोगता सम्पन्न भएका छन्। कक्षा ७, ८ र ९ का विद्यार्थीहरुबिच भएको प्रतियोगितामा कक्षा ९ को जनक शेक्सन प्रथम भएको विद्यालयका सह-प्रधानाध्यापक विष्णुप्रसाद न्यौपानेले बताए। उनका अनुसार प्रतियोगितामा कक्षा ९ को बुद्ध शेक्सन द्वितीय र कक्षा ७ को स्प्रिड समूह तृतीय भएको छ। यस्तै कक्षा ४, ५ र ६ का बिच भएको प्रतियोगितामा कक्षा ६ को डायमण्ड प्रथम, कक्षा ४ को जुपिटर द्वितीय र कक्षा ६ को कोहिनुर तेस्रो भएका छन्। यसैगरी कक्षा १, २ र ३ तर्फ कक्षा २ को मुन सेक्सन प्रथम, कक्षा २ सन द्वितीय र कक्षा ३ को भेनस तेस्रो भएका छन्।

विद्यालयले आइतबार प्लस टु र विद्यालय तहका विद्यार्थीहरुबिच तिज गायन तथा नृत्य प्रतियोगिता गरेको हो। प्लस टुतर्फको प्रतियोगितामा सम्झना उचई, प्रशंसा राना, विनिता गुरूङ, एञ्जल शाहीको समूह प्रथम भएका छन्। यसैगरी नेस्मा गुरूङ, दिया विकको समूह द्वितीय, गायत्री क्षेत्री, आशिका अर्याल, सन्ध्या लुइँटेलको समूह तृतीय भएको प्लस टु म्यानेजमेन्ट इञ्चार्ज पवन बस्यालले जानकारी दिए। प्रतियोगिताको नृत्य प्रशिक्षक किशोर थापा र नेत्र डुम्रेले निर्णायकको भूमिका निर्वाह गरेका थिए।

यसअघि शुक्रबार भएको नगरस्तरीय तिज गायन तथा नृत्य प्रतियोगितामा गार्गी बोर्डिङ् स्कुल प्रथम भएको थियो। यसैगरी देवसिद्ध बोर्डिङ् स्कुल द्वितीय, अन्नपूर्ण बोर्डिङ् स्कुल तृतीय र एभरेष्ट बोर्डिङ् स्कुल सान्त्वना भएको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक मीनराज गिरीले बताए। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः ५ हजार, ३ हजार, २ हजार १ हजार नगदसहित विभिन्न उपहारबाट पुरस्कृत गरिएको थियो। पुरस्कार विद्यालयका प्रधानाध्यापक शंकर भण्डारीले प्रदान गरेका हुन्। यसैगरी सोही दिन अन्तरविद्यालयस्तरीय प्रतियोगिताहरु भएको थियो। मावि तहको कविता प्रतियोगितामा कक्षा ९ का राजेन्द्र खड्का प्रथम, कक्षा १० का एलिना थापा दोस्रो र कक्षा ९ का आयुष्मा भुसाल तेस्रो भएको विद्यालयले जनाएको छ।

यसैगरी निमावि तहमा कक्षा ७ का आइदिन गौतम प्रथम, कक्षा ६ का आर्जु चन्द दोस्रो र कक्षा ६ कै दिया खड्का तेस्रो भएको शिक्षक विजय पराजुलीले जानकारी दिए। कार्यक्रमहरु प्लस टु तर्फ क्यानन प्लस टु र विद्यालय तहतर्फ इन्ट्र्याक्ट क्लब अफ क्याननले संयोजन गरेको थियो।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै
हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com